# घटेको बजारमा वित्त समूहको परिसूचक मात्र बढ्यो

अभियान संवाददाता

काठमाडौं

बुधवार घटेको बजारमा वित्त समूहको शेयरमा लगानीकर्ताको आकर्षण देखिएको छ । यो दिन वित्त समूहको परिसूचक मात्र शून्य दशमलव २१ प्रतिशत बढेको छ । व्यापार समूहको परिसूचक स्थिर बन्दा बाँकी समूहको परिसूचक भने घटेको छ । होटल तथा पर्यटन समूहको परिसूचक सर्वाधिक १ दशमलव ३९ प्रतिशत घटेको हो ।

बजार मापक नेप्से परिसूचक यस दिन शून्य दशमलव ५० प्रतिशत अर्थात् १३ दशमलव ३५ अंक घटेको छ । २ हजार ६५४ दशमलव ६२ विन्दुसम्म पुगेको नेप्से २ हजार ६३० दशमलव ८६ विन्दुसम्म झरेको थियो । अन्तिममा नेप्से २ हजार ६३५ दशमलव ९४ विन्दुमा बन्द भएको हो ।

नारायणी डेभलपमेन्ट बैंकको शेयर मूल्य सर्वाधिक ६ दशमलव शून्य ८ प्रतिशत बढेको छ । प्रतिकित्ता ८० रुपैयाँले बढेर यस बैंकको शेयर मूल्य प्रतिकित्ता १ हजार ३९५ रुपैयाँ कायम भएको हो । एसवाई प्यानल नेपालको शेयर मूल्य भने यो दिन सर्वाधिक ८ दशमलव ४५ प्रतिशत घटेको छ । प्रतिकित्ता १०९ रुपैयाँ ९० पैसाले घटेर यस कम्पनीको अन्तिम शेयर मूल्य प्रतिकित्ता १ हजार १९० रुपैयाँ १० पैसा कायम भएको हो । सर्वाधिक शेयर मूल्य घटेको यस कम्पनीको सर्वाधिक रकमको कारोबार भएको छ । यो दिन एसवाई प्यानलको २६ करोड ९४ लाख रुपैयाँभन्दा बढीको २ लाख १७ हजारभन्दा बढी कित्ता शेयर कारोबार भएको हो ।

### बजार पूँजीकरण घट्यो

बुधवार बजार पूँजीकरण रू. २२ अर्ब ४२ करोडले घट्दै रू. ४४ खर्ब २५ अर्ब ८१ करोड कायम भएको छ । अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४४ खर्ब ४८ अर्ब २४ करोड थियो ।

### कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको

कारोबार रकमका आधारमा बुधवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ३५ दशमलव ७० प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. १ अर्ब ८४ करोड बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा उत्पादन तथा प्रशोधन समूह रहेको छ । उक्त समूहको रू. ९३ करोड ६१ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

### ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार

बुधवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ। उक्त ब्रोकरबाट रू. ५७ करोड ८६ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ३२ करोड २८ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. २५ करोड ५७ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ४८ रहेको छ । जसबाट बुधवारको बजारमा रू. ४० करोड ६४ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | १,३९५.०० | ६.०८ | एसवाई प्यानल नेपाल लिमिटेड | १,१९०.१० | -८.४५ |
| फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | ८१५.०० | ३.३५ | जीवन विकास लघुवित्त वित्तीय संस्था लि. | १,३६०.०० | -६.५९ |
| शुभम पावर लिमिटेड | ८४५.०० | २.६७ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १,६०६.०० | -५.५३ |
| सयपत्री हाइड्रोपावर लिमिटेड | ५९०.०० | २.६३ | ट्रेड टावर लिमिटेड | ८००.१० | -४.६४ |
| मञ्जुश्री फाइनान्स लिमिटेड | ७६०.०० | २.५६ | दरमखोला हाइड्रो इनर्जी लिमिटेड | ६२७.०० | -४.१३ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य (रू.) |
|---|---|---|
| एसवाई प्यानल नेपाल लिमिटेड | २६.९४ | १,१९०.१० |
| श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लिमिटेड | २३.५५ | ९७०.१० |
| मञ्जुश्री फाइनान्स लिमिटेड | २०.४७ | ७६०.०० |
| शिवम् सिमेन्ट्स लिमिटेड | १६.१० | ६१७.५० |
| सागर डिष्टिलरी लिमिटेड | १५.६८ | १,९६९.०० |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | वित्त | २,३९३.२३ | ०.२१ |
| २ | व्यापार | ३,८००.१२ | ०.०० |
| ३ | जीवन बीमा | १२,८७२.५३ | -०.०७ |
| ४ | बैंकिङ्ग | १,३७१.७५ | -०.२४ |
| ५ | म्युचुअल फण्ड | २०.६३ | -०.२९ |
| ६ | लघुवित्त | ४,९३५.८३ | -०.४० |
| ७ | अन्य | २,३५१.२१ | -०.५३ |
| ८ | लगानी | १०२.५८ | -०.५४ |
| ९ | निर्जीवन बीमा | १०,८८४.७२ | -०.६० |
| १० | जलविद्युत् | ३,३३८.३५ | -०.७९ |
| ११ | विकास बैंक | ५,५६४.९५ | -०.८४ |
| १२ | उत्पादन तथा प्रशोधन | ८,७४५.९७ | -१.१६ |
| १३ | होटल तथा पर्यटन | ७,०१९.९६ | -१.३९ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | १८४.७७ | ३५.७० |
| २ | उत्पादन तथा प्रशोधन | ९३.६१ | १८.०९ |
| ३ | वित्त | ५०.०७ | ९.६८ |
| ४ | अन्य | ३६.१२ | ६.९८ |
| ५ | लघुवित्त | ३५.१४ | ६.७९ |
| ६ | बैंकिङ्ग | ३४.२९ | ६.६३ |
| ७ | विकास बैंक | २८.१९ | ५.४५ |
| ८ | जीवन बीमा | १५.७५ | ३.०४ |
| ९ | होटल तथा पर्यटन | १४.७७ | २.८६ |
| १० | लगानी | १३.१२ | २.५४ |
| ११ | निर्जीवन बीमा | ७.४२ | १.४४ |
| १२ | संस्थापक शेयर | २.१६ | ०.४२ |
| १३ | म्युचुअल फण्ड | १.२३ | ०.२४ |
| १४ | व्यापार | ०.५३ | ०.१० |
| १५ | ऋणपत्र | ०.२६ | ०.०५ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | २५.५७ | ३२.२८ | ५७.८६ |
| ४८ | १८.३७ | २२.२७ | ४०.६४ |
| ४२ | १७.५५ | २१.०१ | ३८.५७ |
| ४५ | १७.२७ | १६.८९ | ३४.१७ |
| ४९ | १४.२८ | १६.०१ | ३०.२९ |

**एशियाली शेयर बजारका सूचक (अपडेट : २०२५ जनवरी ७)**

| स्टक एक्सचेन्ज | सूचकको नाम | इन्डेक्स | फरक प्रतिशत |
|---|---|---|---|
| बम्बई स्टक एक्सचेन्ज | बीएसई सेन्सेक्स | ८४,९६१.१४ | -०.१२% |
| नेशनल स्टक एक्सचेन्ज | निफ्टी ५० | २६,१४०.७५ | -०.१३% |
| जापान एक्सचेन्ज ग्रुप | निक्केइ २२५ | ५१,९६१.९८ | -१.०६% |
| हङकङ स्टक एक्सचेन्ज | हाङ्सङ् | २६,४५८.९५ | -०.९४% |
| साङ्हाई स्टक एक्सचेन्ज | साङ्हाई एसई कम्पोजिट इन्डेक्स | ४,०८५.७७ | ०.०५% |

**लघुवित्त कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ पुस २३)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | ६१०० | ६८०० | ४६७३ |
| २ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ३४९३.५ | ६६०० | २९३१ |
| ३ | स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड | २८९४ | ३४०० | ३९१.७ |
| ४ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | १९४५ | २५६९ | १८९२ |
| ५ | गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | १९११.१ | ३४८६ | १८६२.१ |
| ६ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १८८८ | २८८८.६ | १८१८.४ |
| ७ | सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | १७९० | ३३०९.९ | १७१०.१ |
| ८ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | १६६८ | २२१५ | १४९० |
| ९ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १६०६ | ४२७१ | १२४२.१ |
| १० | श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | १५८१.९ | २९०७ | १५४०.२ |
| ११ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | १५१८.९ | १९८० | १३९५ |
| १२ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १५१५ | २०४० | १४६२ |
| १३ | नेप्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | १५१० | २५२२ | १३८०.१ |
| १४ | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | १४८४ | २७५० | १४३८ |
| १५ | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | १४४८ | २४०० | १३९५ |
| १६ | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | १३६० | १६४४ | १२७०.७ |
| १७ | धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड | १३३७ | २२५० | १२४० |
| १८ | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | १३३० | २०१९ | १३०० |
| १९ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १३०७ | ३०४७ | १२३४.५ |
| २० | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | १२९८ | १७१० | ११३०.२ |
| २१ | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड | १२०५ | १२४२ | ७७१ |
| २२ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | ११८० | १८६०.४ | १०५९ |
| २३ | ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | ११५८ | १४४१.६ | १११७ |
| २४ | नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड | ११४७.८ | १५०४ | ११४३.२ |
| २५ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | १०८१ | १३५० | १०४३.८ |
| २६ | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड | १०२० | १३११ | ७९५.२ |
| २७ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | १००० | १४६४.८ | ९३०.१ |
| २८ | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | ९९३ | १२७० | ९३६.६ |
| २९ | लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड | ९५१.१ | १३६७.३ | ८६५ |
| ३० | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | ९४५ | १३०६.८ | ९०६ |
| ३१ | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड | ९३५ | १२८४.९ | ९०० |
| ३२ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | ९१९ | ११४४.८ | ८२१.५ |
| ३३ | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | ९०० | ११४० | ८३७ |
| ३४ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | ८८२ | ११५५ | ८४० |
| ३५ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | ८२३.२ | ११५९.४ | ७८० |
| ३६ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ८१५ | १०१० | ७५९ |
| ३७ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ८१५ | १०३८.८ | ७१२ |
| ३८ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | ८१० | १०६७ | ६९६ |
| ३९ | समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड | ७८१.५ | १३८२ | ७३४.१ |
| ४० | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७३.६ | ९९९ | ७५६.६ |
| ४१ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७२.२ | ९८७ | ६९८ |
| ४२ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड | ७६५ | १००८ | ७३७ |
| ४३ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | ७३६ | १०४६.५ | ७२७.४ |
| ४४ | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७३०.१ | १००० | ६४८ |
| ४५ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ७०५ | ८५४.४ | ६५० |
| ४६ | एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड | ६८४ | ८७६ | ५९६ |
| ४७ | सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड | ६८० | ८६८.१ | ६४१.१ |
| ४८ | नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | ६४० | ८०७ | ६०० |
| ४९ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड | ६४० | ८८० | ५७८.७ |
| ५० | एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | ५५९.५ | ७६४ | ५३५ |

**होटल तथा पर्यटन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ पुस २३)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | चन्द्रागिरि हिल्स लिमिटेड | ८५२ | ११५० | ८००.२ |
| २ | बन्दीपुर केबलकार एण्ड टुरिजम लि. | ८२० | ९८४ | २८५ |
| ३ | कालिञ्चोक दर्शन लिमिटेड | ७९१ | १३०६.३ | ७७० |
| ४ | तारागाउँ रिजेन्सी होटल्स लिमिटेड | ७२० | १२५९ | ६८१.१ |
| ५ | ओरियण्टल होटल्स लिमिटेड | ७०२.९ | ११०० | ६३३.१ |
| ६ | सोल्टी होटल लिमिटेड | ४९५ | ६१९ | ४६४ |
| ७ | सिटि होटल लिमिटेड | ४७४ | ९९८.४ | ४६४ |

**विकास बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ पुस २३)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | १५७० | २८४२.३ | १४३१ |
| २ | नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | १३९५ | २०६० | ६६२ |
| ३ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | ११४६ | २००१.४ | ९४४ |
| ४ | सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | ८३४ | १६२२.७ | ६८६ |
| ५ | सिन्धु विकास बैंक लिमिटेड | ७२४ | १४८२ | ६०८ |
| ६ | मितेरी डेभलपमेन्ट बैंक लिमिटेड | ६०५ | ७६४ | ५३०.५ |
| ७ | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | ५९५ | ८३८.२ | ५४५ |
| ८ | लुम्बिनी विकास बैंक लिमिटेड | ४७४ | ६४६.३ | ३७६.५ |
| ९ | कामना सेवा विकास बैंक लिमिटेड | ४४९ | ५८८ | ४०४.१ |
| १० | सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | ४०४ | ५२६.५ | ३७६ |
| ११ | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड | ४०२.६ | ४९९ | ३८२ |
| १२ | गरिमा विकास बैंक लिमिटेड | ३८८ | ४९८ | ३६७.४ |
| १३ | महालक्ष्मी विकास बैंक लिमिटेड | ३६७ | ४८८ | ३४८.९ |
| १४ | मुक्तिनाथ विकास बैंक लिमिटेड | ३५२ | ५०३ | ३४०.१ |
| १५ | ज्योति विकास बैंक लिमिटेड | ३३१.४ | ४१३ | २९५ |

## माघ ४ गतेदेखि नेपाल लाइफ समृद्धि लगानी योजना निष्कासनमा

काठमाडौं (अस) । नेपाल लाइफ क्यापिटल लिमिटेडले माघ ४ गतेदेखि नेपाल लाइफ समृद्धि लगानी योजनाको इकाई निष्कासन गर्ने भएको छ ।

क्यापिटलले प्रतिइकाई १० रुपैयाँ अंकित मूल्यका एक अर्ब ६० करोड रुपैयाँ बराबरको १६ करोड इकाई विक्री गर्न लागेको हो । कुल १६ करोड इकाईमध्ये १३ करोड ६० लाख इकाई भने सार्वजनिक निष्कासनमा ल्याउन लागिएको हो । यस बाहेक २ करोड २४ लाख इकाई कोष प्रवर्द्धक कम्पनी नेपाल लाइफ इन्स्योरेन्स कम्पनीलाई र १६ लाख इकाई योजना व्यवस्थापकलाई सुरक्षित गरिएको योजना व्यवस्थापकको भनाइ छ ।

यी इकाई खरीदका लागि न्यूनतम १०० देखि १ करोड ६० लाख इकाईसम्म माग गर्दै आवेदन दिन पाउने व्यवस्था रहेको छ । नेपाल लाइफ म्युचुअल फण्ड अन्तर्गत सञ्चालन हुने यो योजना १० वर्षे अवधिको बन्दमुखी प्रकृतिको हो । बन्दमुखी प्रकृतिको योजना भएकाले यी इकाईहरू धितोपत्र दोस्रो बजारमा समेत सूचीकृत हुनेछन् ।

यी इकाई खरीदका लागि माघ ८ गतेसम्म आवेदन दिन सकिनेछ । सो अवधिसम्म माग बमोजिम आवेदन नपरेमा भने माघ १८ गतेसम्म निष्कासन लम्बिनेछ । योजना व्यवस्थापकसँगै यी इकाई निष्कासन तथा विक्री प्रबन्धकमा समेत नेपाल लाइफ क्यापिटल लिमिटेड रहेको छ । विक्री प्रबन्धकसँगै सम्पूर्ण आस्बा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका कार्यालयमार्फत आवेदन दिन पाउने व्यवस्था छ । साथै, मेरोशेयर अनलाइनमार्फत पनि आवेदन दिन सकिने व्यवस्था छ ।

## पहिलो चरणको आईपीओ निष्कासन गर्दै शिखर पावर

काठमाडौं (अस) । शिखर पावर डेभलपमेन्ट लिमिटेडले माघ ६ गतेदेखि पहिलो चरणको आईपीओ निष्कासन गर्ने भएको छ । कम्पनीले सर्वसाधारणमा जारी हुने आईपीओमध्ये पहिलो चरणमा आयोजना प्रभावित क्षेत्रका स्थानीयमा ९ लाख ८० हजार कित्ता र वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि २ लाख २२ हजार कित्ता आईपीओ निष्कासन गर्न लागेको हो ।

कम्पनीले जारी पूँजी ९८ करोड रुपैयाँको ३२ दशमलव ६५ प्रतिशत अर्थात् ३२ करोड रुपैयाँ बराबरको ३२ लाख कित्ता आईपीओ सर्वसाधारण लगानीकर्तामा निष्कासन गर्न अनुमति पाएको हो । आयोजना प्रभावित स्थानीयमा जारी हुने शेयर खरीदका लागि बागलुङ जिल्लाको बडिगाड गाउँपालिकाको वडा नं. १ देखि १० सम्मका सम्पूर्ण वडाहरू र आयोजनाको विद्युत् प्रसारण लाइनबाट प्रभावित क्षेत्र बागलुङ जिल्लाको ढोरपाटन नगरपालिका वडा नं. २ का स्थानीय बासिन्दाहरूले आवेदन दिन सक्नेछन् ।

दुवैतर्फको शेयर खरीदका लागि न्यूनतम १० कित्तादेखि अधिकतम १० हजार कित्ताका लागि आवेदन दिन सकिने व्यवस्था छ । आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरूका लागि निष्कासन अवधि माघ २० गतेसम्म तोकिएको छ । सो अवधिभित्र माग बमोजिम आवेदन नपरेमा भने फागुन ८ गतेसम्म निष्कासन लम्बिनेछ । वैदेशिक रोजगारीमा रहेका नेपालीहरूमा निष्कासन मिति माघ ९ गतेभित्र तोकिएको छ भने त्यस अवधिभित्र मागबमोजिम आवेदन नपरेमा भने माघ २० गतेसम्म निष्कासन अवधि लम्बिनेछ । आईपीओ निष्कासन तथा विक्री प्रबन्धकमा ग्लोबल आइएमई क्यापिटल लिमिटेड रहेको छ ।

## सूर्यकुण्ड हाइड्रोको आईपीओ वैदेशिक रोजगारीमा रहेका नेपालीमा बाँडफाँट

काठमाडौं (अस) । सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेडले वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि निष्कासन गरेको आईपीओ पुस २२ गते बाँडफाँट गरेको छ ।

कम्पनीले प्रतिशेयर १०० रुपैयाँ अंकित मूल्यमा सर्वसाधारण लगानीकर्ताहरूका लागि छुट्टयाइएको शेयरको १० प्रतिशतले हुन आउने ६८ हजार ९६७ कित्ता आईपीओ वैदेशिक रोजगारीमा रहेका नेपालीमा बाँडफाँट गरेको हो ।

वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि कम्पनीले पुस ९ गतेदेखि १४ गतेसम्म आईपीओ निष्कासन गरेको थियो । तोकिएको अवधिभित्र कुल ७० हजार ४५७ जना आवेदकहरूबाट १० लाख ३३ हजार ५१० कित्ता शेयर खरीद माग भएको जानकारी विक्री प्रबन्धक कुमारी क्यापिटल लिमिटेडले दिएको छ । कुल आवेदकहरूमध्ये ७० हजार ४४५ जनाको आवेदन मात्र रीतपूर्वक भएको थियो । मागभन्दा बढी आवेदन परेका कारण गोलाप्रथा प्रक्रियामार्फत कम्पनीको आईपीओ बाँडफाँट गरिएको हो ।

रीतपूर्वक आवेदन दिएका आवेदकमध्ये ६ हजार ८९६ आवेदकलाई गोलाप्रथाको माध्यमबाट १० कित्ताका दरले पहिलो चरणमा शेयर बाँडफाँट गरी बाँकी रहेको ७ कित्ता शेयर २० देखि ५ हजार कित्तासम्म माग गर्ने आवेदकहरूमध्ये ७ जनालाई थप एक कित्ताका दरले शेयर बाँडफाँट गरिएको हो । यसरी बाँडफाँट गर्दा ७ जना लगानीकर्ताले भने कम्पनीको ११ कित्तासम्म शेयर पाएका छन् ।

**वाणिज्य बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ पुस २३)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | एभरेष्ट बैंक लिमिटेड | ६५८ | ७८०.६ | ५७३ |
| २ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड | ६३८ | ७०१ | ५९४.९ |
| ३ | नबिल बैंक लिमिटेड | ४८९ | ५६२ | ४७१ |
| ४ | नेपाल एसबिआई बैंक लिमिटेड | ३९९ | ४६० | ३६३ |
| ५ | सिद्धार्थ बैंक लिमिटेड | ३९१.१ | ४१६ | २६१ |
| ६ | एनआईसी एशिया बैंक लिमिटेड | ३४३.८ | ४२८.४ | ३०४.५ |
| ७ | सानिमा बैंक लिमिटेड | ३३५.५ | ३९१ | २८५ |
| ८ | कृषि विकास बैंक लिमिटेड | २९९.७ | ३४४.९ | २७२.३ |
| ९ | नेपाल बैंक लिमिटेड | २३९.६ | ३१३ | २२५.४ |
| १० | एनएमबि बैंक लिमिटेड | २३७.२ | २८३ | २३० |
| ११ | प्राइम कमर्सियल बैंक लिमिटेड | २३६.२ | २९० | २२६ |
| १२ | ग्लोबल आइएमई बैंक लिमिटेड | २२८ | २७८.९ | २१०.७ |
| १३ | माछापुच्छ्रे बैंक लिमिटेड | २२३.६ | २७२.१ | २०५ |
| १४ | लक्ष्मी सन्राइज बैंक लिमिटेड | २१३.७ | २५२ | २०१ |
| १५ | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड | १९८.९ | २४०.१ | १८३ |
| १६ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | १९२ | २४७ | १८७ |
| १७ | हिमालयन बैंक लिमिटेड | १८९.८ | २६१ | १८४ |
| १८ | प्रभु बैंक लिमिटेड | १८६ | २५०.९ | १८० |
| १९ | कुमारी बैंक लिमिटेड | १७९.१ | २३३.५ | १७५.५ |

**Chautara Sangachokgadhi Municipality**
Office of the Municipal Executive
Chautara, Sindhupalchok

**Invitation for Electronic Bids**

**Date of publication: 2082/09/24 (08th Jan 2026)**

The Chautara Sangachokgadhi Municipality, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for Procurement of the following Goods.

| Contract Identification No. | Description | Bid Security Amount | Price of Bid Document | Last Date of Bid Submission/Opening |
|---|---|---|---|---|
| CSGM/NCB/ GOODS-03/082/083 | Procurement, Supply & Delivery of "Sanitary Pad" for Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok | NRs. 55,000.00 | NRs. 3,000.00 | 09th Feb 2026 (Magh 26, 2082) |
| CSGM/SQ/GOOD-01/2082/083 (RE) | Procurement of Veterinary medicine and Equipement for Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok | NRs. 40,000.00 | NRs. 1,000.00 | 23th Jan 2026 (Magh 09, 2082) |

1. Future Details bidder are requested to visit PPMO website www.bolpatra.gov.np/egp.
2. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

CamScanner